REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 19.09.2025

---

चुनाव प्रकाष्ठ- पाकिम- बैठक

चुनाव प्रकोष्ठ, पाकिमले डि डि एम ए कन्ट्रोल हँलमा एक तयारी बैठक आयोजना गरयो जुन हालको मतदाता नामावली 2025 संग मतदाता नामावली 2002 को नक्सांकन र विशेष गहन पुनरीक्षण अभ्यासको कार्यन्वयनमा केन्द्रित थियो ।

बैठकको उद्देश्य, पाकिम जिल्लाका बूधस्तर अधिकारी, बि सि ओहरूलाई विशेष गहन पुनरीक्षणका लागि विशेष जिम्मेवारी तोक्नु थियो जसले सुचारू कार्यन्वयन अनि समय- सीमाको पालना सुनिश्चित हुनसकोस ।

बैठकको अध्यक्षता पाकिमका जिल्लापाल रोहन अगवानेले गर्नुभयो । अतिरिक्त जिल्लापाल (मुख्यालय) सि एल मीणाले अवलोकन प्रदान गर्नुभयो ।

---

राष्ट्रीय पोषण माह- पाकिम

पोषण र स्वास्थ्य जीवनबारे जागरूकता फैलाउन समर्पित एक महीना लामो अभियान राष्ट्रीय पोषण माहको आठौं संस्करण आज जिल्ला प्रशासनिक केन्द्र पाकिममा मनाईयो । महिला, बाल- बालिका, वरिष्ठ नागरिक र दिव्याँङजन कल्याण विभागको तत्वावधानमा पाकिम ग्रामीण परियोजना द्वारा आयोजित यस कार्यक्रममा अधिकारी- गण, स्वास्थ्य कर्मीहरू र समुदाय- सदस्यहरूको सक्रिय सहभागिता देखियो ।

यस अवसरमा जिल्लापालले सबै सहभागीहरूलाई पोषण माहको शपथ ग्रहण गराउन, साथै स्वास्थ आहार- संबधी अभ्यासहरू अपनाउन र आफ्नो परिवार तथा समुदाय भित्र अरूलाई पनि त्यस्तै गर्न प्रोत्साहित गर्ने आग्रह गरे । यस वर्षको पोषण माह “सही पोषण, स्वास्थ्य जीवन” भन्ने विषयमा मनाइनिदैछ ।

---

सेवा पर्व बेटी बचाओ, बेटी पराओ

सेवा र सुशासन अर्थात जन सेवा र सुशासनको मन्त्रबाट निर्देशित, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेकोछ । आज यस विशेष थृङखला- सेवा पर्व मा, हामी तपाई समक्ष प्रस्तुत मोदी सरकारले बेटी बचाओ, बेटी

पढ़ाओ अभियान मार्फत प्रत्येक बालिकाका लागि सम्मान सुरक्षा र शिक्षा कसरी सुनिश्चित गरेको छ ।

---

## नाबार्ड

कृषि तथा ग्रामीण विकासका लागि क्षेत्रीय सल्लाहकार समिति को बैठक नाबार्ड, सिक्किम क्षेत्रीय कार्यालयले आज गान्तोकमा आयोजना गरेको थियो । नाबार्ड सिक्किम क्षेत्रीय कार्यलयका महाप्रबन्धक अजय कुमार सिन्हाको अध्यक्षतामा बसेको बैठकको विषयवस्तु थियो- सिक्किममा स्प्रिङशेड- आधारित जलाधार व्यवस्थापन ।

---

## आई सि ए आर

बिहारको मधुबनी जिल्लाका प्रगतिशील किसानहरूका लागि महत्वपूर्ण बालीहरूको जैविक खेती सम्बन्धी पाँच दिने प्रशिक्षण कार्यक्रम पूर्वोत्तर हिमाली श्नेत्रको लागि आई सि ए आर अनुसन्धान परिसर सिक्किम केन्द्र तादोङ गान्तोकद्वारा सेप्टेम्बर 15 देखि 19,2025 सम्म, ATMA Madhubani, बिहार सरकारको सहकार्यमा सफलतापूर्वक आयोजना गरियो ।

दुई अधिकारीहरू सहित 20 प्रगतिशील किसानहरूको टोलीले कार्यक्रममा भाग लिए र जैविक उत्पादन प्रविधि, प्राकृतिक खेती र एकीकृत जैवीक खेती प्रणालीमा हालसालै भएका प्रगतिहरूको बारेमा जानकारी प्राप्त गरे ।

डा अशोक कुमारले जैविक उत्पादन प्रविधिको प्रवर्द्धनमा कार्यक्रमको सान्दर्भिकतामाथि प्रकाश पारे । उनले आई सि ए आर सिक्किम केन्द्रद्वारा विकसित आशाजनक प्रविधिहरूको बारेमा पनि छलफल गरे । डा कुमारले थप भने कि उनीहरू यस्तै तालिम कार्यक्रमहरू आयोजना गर्न ।

---

## इन्ट्रा स्टेट दशहरा कप

गेजिङ बर्मेक निर्वाचन क्षेत्रका 8 माइलमा स्थानीय युवाहरूद्वारा हिजोबाट शुरू भएको इन्ट्रा स्टेट दशहरा कप खुल्ला भलीबल खेल प्रतियोगिताको आज दोस्रो दिनमा, दुईवटा खेल सम्पन्न भयो ।

---